नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विद्यालय शिक्षासम्बन्धी गतिविधि-५० (पूर्णाङ्क २५५)

## राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा राष्ट्रपति शैक्षिक सुधार कार्यत्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि २०७८ मा व्यवस्था भए बमोजिम कार्यक्रम सञ्चालन गर्न चाहने इच्छुक साधारण तथा प्राविधिक धारका सामुदायिक विद्यालयहले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**प्रस्ताव पेस गर्न इच्छुक विद्यालयहरुले देहाय बमोजिमको आधारहरू पूरा गरेको हुनुपर्नेछ :-**

(क) **कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित न्यूनतम विद्यार्थी संख्या पूरा भएको ।**

(ख) **सम्बन्धित स्थानीय तहले लागत साझेदारी गर्न प्रतिवद्धतापत्र उपलब्ध गराएको।**

(ग) **प्रस्तावित कार्यक्रमका लागि आवश्यक पर्ने अनुसूची १ बमोजिमको जग्गा तथा अन्य पूर्वाधार भएको।**

(घ) **स्थानीय हावापानी र भूगोल अनुरूप हुने गरी वस्तु तथा सेवा उत्पादनका लागि कार्यक्रम प्रस्ताव भएको।**

प्रस्ताव सम्बन्धित स्थानीय तह मार्फत शिक्षा विकास तथा समन्वय इकाईमा २०७८ माघ १५ गतेभित्र पेस गर्नुपर्नेछ। सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईहरूले प्रस्तावको प्राथमिकीकरण गरी माघ २२ गतेभित्र यस केन्द्रमा पठाइ सक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत जानकारीका लागि केन्द्रको वेबसाइट **www.cehrd.gov.np** र मन्त्रालयको वेबसाइट **moest.gov.np** मा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ हेर्न सकिनेछ। कार्यविधिमा उल्लेख भएका सबै सर्त बन्देज अध्ययन गरी सबै आधार पूरा भएका र सर्त अनुसार काम गर्न सक्ने विद्यालयले रीतपूर्वको प्रस्ताव पेस गर्न सम्बन्धित सबैका लागि अनुरोध छ।

---

यूनेस्को
नेपाल
राष्ट्रिय आयोग

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
**को**

## युनेस्को सहभागितामूलक परियोजना प्रस्ताव (Project Proposal for UNESCO Participation Programme 2022f2023) आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८ माघ १ गते)**

युनेस्को प्रधान कार्यालय, पेरिसको सन् २०२२/२०२३ को कार्यक्रम र बजेट अर्न्तगत सहभागितात्मक कार्यक्रम (Participation Programme) मा नेपालको तर्फबाट शिक्षा, विज्ञान (MAB र IHP समेत), संस्कृति, आमसञ्चार र सामाजिकका क्षेत्रसँग सम्बन्धित परियोजना प्रस्तावहरू पेस गर्नका लागि उल्लेखित युनेस्कोका विषय क्षेत्रहरूसँग सम्बन्धित देहाय अनुसारका सर्त पूरा गरेका गैह्रनाफामूलक सामाजिक संघ/संस्थाहरूबाट मिति **२०७८ माघ १५ गते (तद्अनुसार जनवरी २९, २०२२)** कार्यालय समयभित्र यस सचिवालयमा आइपुग्ने गरी परियोजना प्रस्ताव (पाँच प्रति Hard copy र Electronic version) पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**पालना गर्नु पर्ने सर्तहरू**

१) परियोजनाको कार्य अवधि अधिकतम १ वर्ष सम्मको हुनुपर्नेछ।
२) परियोजना पेस गर्ने संस्था परियोजना प्रस्तावको विषय क्षेत्रसँग सम्बन्धित कार्य गर्ने गरी स्थापित भएको हुनपर्नेछ।
३) गैह्रनाफामूलक सामाजिक संस्थाहरूले संस्था दर्ता प्रमाण-पत्र, संस्थाको साल वसाली नविकरण, PAN/VAT दर्ता प्रमाण पत्र र आ.व. २०७७/२०७८ को करचुक्ता प्रमाण पत्र पेस गर्नुपर्नेछ।
४) प्रस्तावित परियोजनाको विषय क्षेत्र सम्बन्धी संस्थागत अनुभव, विज्ञता, प्रशासनिक क्षमता र कार्यालय भएको हुनुपर्नेछ ।
५) परियोजनाको बजेट रकम अधिकतम अमेरिकी डलर २५,०००(पच्चीस हजार) सम्म र प्रस्तावित बजेट रकमको कम्तिमा २५% परियोजना सञ्चालक संस्थाले अनिवार्य रूपमा व्यहोर्नु पर्नेछ।
६) परियोजना सञ्चालनमा विशेषज्ञहरू संलग्न हुने भएमा त्यस्ता विशेषज्ञहरूको व्यक्तिगत विवरण परियोजना प्रस्ताव साथ पेस गर्नुपर्नेछ।
७) एक संस्थाले शिक्षा, विज्ञान (MAB र IHP समेत), संस्कृति, आमसञ्चार, सामाजिक विषयमध्ये कुनै एक विषयसँग सम्बन्धित एकवटा मात्र प्रस्ताव पेस गर्न पाउने छ।
८) स्वीकृत परियोजना प्रस्तावमा प्रस्तावित रकम भन्दा कम रकम युनेस्को पेरिसबाट प्राप्त भएमा पनि प्रस्तावकले परियोजना सञ्चालन गर्नुपर्नेछ।
९) परियोजना प्रस्ताव अग्रेजी भाषाको Times New Roman को 12 Font मा A4 साइजको कागजमा तयार गरी सोको ५ प्रति Hard Copy र Electronic version समेत प्रस्तावक संस्थाको प्रतिनिधि स्वयं उपस्थित भई सचिवालयमा पेस गर्नु पर्नेछ।
१०) परियोजना प्रस्ताव सम्बन्धी युनेस्को पेरिससँग हुने सम्पूर्ण लेखापढी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले गर्नेछ।
११) प्राप्त परियोजना प्रस्ताव छनोट तोकिएका मूल्याङ्कनका आधारमा गर्ने, युनेस्को पेरिसमा सिफारिस गर्ने र पेरिसबाट स्वीकृत भई आर्थिक सहयोग प्राप्त भएपछि आवश्यक निर्देशन सहित प्रस्तावक संस्थाबाट कार्य सम्पन्न गर्ने गराउने सम्बन्धी सबै अधिकार सचिवालयमा रहनेछ।
१२) सचिवालयमा पेस भएका परियोजना प्रस्तावहरू कुनै पनि प्रस्तावकलाई फिर्ता गरिने छैन।
१३) तोकिएको समय भित्र सचिवालयमा दर्ता नभएका, प्रस्ताव साथ संलग्न हुनुपर्ने भनी तोकिएका कागजातहरू संलग्न नभएका र तोकिएको ढाँचामा नभएका परियोजना प्रस्तावहरूलाई मूल्याङ्नमा सहभागी गराइने छैन।
१४) परियोजना प्रस्तावमा भौतिक पूर्वाधार विकास, उपकरण खरिद र कर्मचारी तलब भत्ता शीर्षकहरूमा व्यवस्था भएको बजेटलाई मान्यता दिइने छैन।
१५) प्रशासनिक खर्च शीर्षकहरूको जम्मा बजेट रकम परियोजनाको कुल बजेटको ३० प्रतिशत रकम भन्दा कम हुनुपर्नेछ।

**परियोजना प्रस्तावको ढाँचा**

| | |
|---|---|
| 1. Title of the Project | 7. Project Schedule |
| 2. Background | 8. Project Personnel |
| 3. Rationale of the Project | 9. Expected output |
| 4. Objectives, General/Specific | 10. Envisaged benefit from the Project |
| 5. Approach and Methodology | 11. Project Cost Details (including UNESCO Contribution and Implementing Agency's Contribution) |
| 6. Proposed Work plan | 12. Sustainability of Project |
| 13. Project Domain , Education, Sciences (MAB and IHP), Culture, Mass-Communication, Social, (please choose one domain with related to your project) | |

माथि उल्लेखित ढाँचामा परियोजना प्रस्ताव तयार गरी पेस गर्नुपर्नेछ।
परियोजना प्रस्तावको सर्त र ढाँचा सार्वजनिक बिदाको दिन बाहेक अन्य दिन कार्यालय समयमा आयोगको सचिवालय, सिंहदरबार, फोन नं. ४२००५५९, ४२००५६० र ४२००५६२ र इमेल : unesconatcomnepal@gmail.com मा सम्पर्क गरी लिन सकिने छ। साथै वेभसाइट **www.nncu.org.np** बाट समेत प्राप्त गर्न सकिने छ।

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय, सिंहदरबार**

---

## चित्रकला प्रतियोगिता सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय रूपान्तरण परियोजना, नेपाल स्वास्थ्य शिक्षा संघ (HEAN), शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD), तथा राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (NHEICC) को संयुक्त आयोजनामा आधारभूत तथा माध्यमिक तहको विद्यालयस्तरीय राष्ट्रिय चित्रकला प्रतियोगिता सञ्चालन हुन गइरहेकाले इच्छुक विद्यार्थीले आफ्नो हस्तलिखित चित्र निम्नानुसार पठाउनु हुन अनुरोध छ।

**मुख्य शीर्षक** : कोभिड-१९ र बालबालिका।
**उप-शीर्षक** : १. मेरो कोरोना अनुभव; २. कोभिड-१९ रोकथाममा मेरो जिम्मेवारी; ३. कोभिड-१९ ले मेरो परिवार र समाजमा पारेको प्रभाव; ४. कोभिड-१९ पछिको मेरो संसार ।
**चित्र आइपुग्ने अन्तिम मिति** : २०७८-१०-२९ ।
**चित्र पठाउने इमेल** : info@rupantaran.edu.np
**पुरस्कार** : **आधारभूत तथा माध्यमिक तहको छुट्टाछुट्टै** : प्रथम – रु. १५,०००, पदक र प्रमाणपत्र; दोस्रो – रु. १०,०००, पदक र प्रमाणपत्र; तेस्रो – रु. ५,०००, पदक र प्रमाणपत्र; सान्त्वना (२ जना) – रु. २,५००, र प्रमाणपत्र
**थप जानकारीका लागि सम्पर्क : www.rupantaran.edu.np / www.nepalhean.org**

---

## निर्णय कार्यान्वयन सम्बन्धमा

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**
**सबै।**

श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रानुसार कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८।०९।२५ को सिफारिस कार्यान्वयनका लागि देहाय बमोजिम गर्न/गराउन, कार्यान्वयनमा सहजीकरण गर्न तथा कार्यान्वयन अवस्थाको अनुगमन गरी सोको जानकारी यस केन्द्रमा पठाउनु हुन अनुरोध छ।

**तपसिल**

१. **देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूले वार्षिक बिदामा मिलान हुने गरी यही २०७८ पुस २७ गतेदेखि २०७८ माघ १५ गतेसम्म बिदा दिने। बिदाको अवधिमा सिकाइ सहजीकरण निर्देशिका, २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थी सिकाइमा आवश्यक सहजीकरण गर्ने।**
२. **बिदाको अवधिका विद्यालयको प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने।**
३. **१८ वर्ष उमेर समूह र सोभन्दा माथि सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी, शिक्षक, शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरूले खोपका लागि स्थानीय तहमा रहेका स्वास्थ्य चौकीमा सम्पर्क गर्ने।**
४. **विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरू जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डहरू पालना हुने गरी जेड आकारमा बसाइ व्यवस्थापन गरी सञ्चालन गर्ने। परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दूरीको प्रावधान कडाइको साथ परिपालन गर्ने।**
५. **माघ ७ गतेदेखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोप कार्ड अनिवार्य रूपमा साथमा राख्ने प्रबन्ध सम्बन्धित शिक्षण संस्थाले मिलाउने।**
६. **सबै शिक्षण संस्थाले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरू आयोजना नगर्ने।**
७. **यस वर्ष माघ १ गते मनाइने राष्ट्रिय योग दिवस सार्वजनिक भेला वा समारोह नगरी योग सम्बन्धी उपयुक्त कार्यक्रमहरू समावेश गरी गराइ "सर्वाङ्गिण विकासका लागि योग" भन्ने नाराका साग भर्चुअल माध्यमबाट मनाउने।**

---

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**आन्तरिक प्रशासन शाखा**
**सानोठिमी, भक्तपुर।**

## सूचिकृत हुने सम्बन्धी सूचना

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबै अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षाको पहुँच सुनिश्चित गर्न र शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै कोभिडको प्रभाव न्यूनीकरण गर्न यस आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार Learning Portal र टेलिभिजनबाट प्रशारण हुने "अपाङ्गता समावेशी सामग्रीको विकास" गर्ने कार्यक्रम रहेकोले स्वीकृत कार्ययोजना अनुसार देहायका अपाङ्गताको क्षेत्रमा परामर्श सेवाबाट काम गर्न इच्छुक संघसंस्था/ फर्मले यो सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भण्डार शाखामा आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरू सहित सूचिकृत हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**काम गर्नुपर्ने अपाङ्गताको क्षेत्र :**

१. **श्रवणदृष्टि विहीनता भएका बालबालिकाहरूका लागि सिकाइमा सहयोग गर्न श्रव्यदृश्य (डिजिटल) सिकाइ सामग्री विकास**
२. **दृष्टि सम्वन्धी अपाङ्गता भएका बालबालिकाहरूका लागि Production of Daisy/E–Pub Audio Books**

**संलग्न गर्नुपर्ने कागजातहरू :**

१) **संस्था दर्ताको प्रमाणपत्र/नवीकरण पत्र,**
२) **VAT/PAN दर्ता र आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र,**
३) **कालो सूचीमा नपरेको/स्वघोषणा पत्र,**
४) **कम्तीमा ३ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव खुल्ने कागजात,**
५) **तोकिएको कार्यका लागि आवश्यक जनशक्ति विवरण।**

---

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर, नेपाल।**

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८।१०।०१**

यस केन्द्रको भवन नं. १ र २ को परिसरभित्र रहेको चमेना गृहहरू छुट्टाछुट्टै सञ्चालनका लागि इजाजत पत्र प्राप्त फर्म संस्था वा कम्पनीहरूबाट यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र यस केन्द्रको आन्तरिक प्रशासन शाखा (स्टोर) बाट रु. १,०००।– (फिर्ता नहुने गरी) फर्म दर्ता, आयकर दर्ता र आ.व. २०७७।७८ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखी निवेदन सहित सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ। खरिद गरिएको सिलबन्दी दरभाउपत्र १६औं दिनको १२:०० बजेभित्र दरभाउपत्र खरिद गरिएको स्थानमा दाखिला गरिसक्नु पर्नेछ। अन्य विस्तृत विवरण सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ। थप जानकारीका लागि आन्तरिक प्रशासन शाखा (स्टोर) मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

---

## टेलिभिजनबाट प्रसारण हुने श्रव्यदृश्य पाठ प्रसारण सम्वन्धी जानकारी

पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा ८ र ७ का विषयगत श्रव्यदृश्य पाठहरू बिहान ५:४५ बजेदेखि ७:०० बजेसम्म र कक्षा ६ र ५ का श्रव्यदृश्य पाठहरू बिहान ७:४५ बजेदेखि ९:०० बजेसम्म तथा कक्षा १ देखि ४ सम्मका श्रव्यदृश्य पाठहरू अपरान्ह ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको NTV+ च्यानलबाट प्रसारण भइरहेका छन्। त्यसैगरी कक्षा १-१० का विषयगत श्रव्यदृश्य पाठहरू Dish Media Network Ltd. को Dishhome, NITV Streamz Pvt. Ltd. को NET TV, Mega Max TV Pvt. Ltd. को Max TV, Divine Stream Network Pvt. Ltd को Mero TV र Subisu Cablenet (P). Ltd को Clear TV को विद्यालय शिक्षा (School Education) च्यानलबाट शनिवार बाहेक हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन अनुरोध छ। साथै सबै विद्यार्थी भाइ बहिनीहरूले आफ्नो अनुकूलता अनुसार उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट cehrd.gov.np मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको **Youtube Channel: www.youtube.com/ncedvirtual** बाट आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार पनि हेर्न सकिन्छ।

---

## रेडियो एफ्.एम.बाट प्रसारण हुने श्रव्य पाठ प्रसारण सम्वन्धी जानकारी

कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू रेडियो नेपालबाट शनिबार बाहेक प्रत्येक दिन साँझ ५:१५ बजेदेखि ५:४५ बजेसम्म र बेलुकी ७:२५ देखि ७:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेको छ। त्यसैगरी यस केन्द्र र सामुदायिक रेडियो प्रसारण सङ्घ बिचको सहकार्यमा देश भरका करिव २०१ भन्दा बढी सामुदायिक रेडियोहरू मार्फत् कक्षा ९ र १० का अनिवार्य विषयका श्रव्य पाठहरू बिहान १०:०० देखि ११:०० बजेसम्म र पुनः प्रसारण बेलुकी ५:०० देखि ६:०० बजेसम्म प्रसारण भइरहेको छ। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित सबै विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष यस केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेवसाइट cehrd.gov.np मा हेर्न सकिने छ। प्रसारण गरिएका उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज www.facebook.com/radiodistance मा सुन्न सकिनेछ।